# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मन्त्रालय र मातहतसमेत १६१ निकायको यो वर्ष विनियोजन रु.४२ अर्ब ५७ करोड ७५ लाख, राजस्व रु.१४ अर्ब ६७ करोड ७ लाख, धरौटी रु.४ अर्ब २७ करोड ८८ लाख र अन्य कारोबार रु.९ अर्ब १५ करोड ९७ लाखसमेत रु.७० अर्ब ६८ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** विगतका प्रतिवेदनमा कानुनअनुसार निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको, रोड मार्किङ्ग, पेन्टिङ्गमा स्वीकृत नर्म्सभन्दा बढी दरको प्रयोग गरेको, भुक्तानी दिन बाँकीको कच्चावारी बेगर विगतको भुक्तानी गरेको, निर्माण कार्य गर्दा चेनेज नखुलाएको, बढी कबोल गर्नेसँग सम्झौता गर्दा थप व्ययभार पारेको, निर्माण व्यवसायीको विलमा निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश गरेको, जमानत जफत नगरेको, निर्माण स्थलको व्यवस्था नगरी निर्माण शुरु गरेको, खरिद सम्झौता अन्त्य गर्दा रकम असुली नगरेको, सवारीसाधन तथा घर जग्गा संरक्षण नभएको एवं निर्माणसँग प्रत्यक्ष सम्बन्धित कार्यमा कन्टीन्जेन्सी रकम खर्च नगरेको व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२. **पुँजीगत खर्च –** मन्त्रालयको लागि विनियोजित बजेटमध्ये २०७०।७१ मा ८३.७२ प्रतिशत, २०७१।७२ मा ९१.६५ प्रतिशत र २०७२।७३ मा ८८.३५ प्रतिशत पुँजीगत बजेट खचं भएको छ । मन्त्रालयको चौमासिक खर्च र आषाढ महिनाको खर्च निम्नानुसार छः-

(रु. लाखमा)

| चौमासिक | २०७०/७१ | | २०७१/७२ | | २०७२/७३ | |
|---|---|---|---|---|---|---|
| | खर्च रु. | प्रतिशत | खर्च रु. | प्रतिशत | खर्च रु. | प्रतिशत |
| प्रथम | २,३७,४८ | ९.४६ | २,५०,०६ | ७.७३ | ३,३५,०५ | ९.०२ |
| दोस्रो | ५,०१,५१ | १९.९७ | ६,४६,१३ | १९.९६ | ४,८४,९० | १३.०६ |
| तेस्रो | १७,७२,४८ | ७०.५८ | २३,४०,२९ | ७२.३१ | २८,९२,८० | ७७.९२ |
| **जम्मा** | **२५,११,४७** | **१००** | **३२,३६,४८** | **१००** | **३७,१२,७५** | **१००** |
| **आषाढ महिनामा खर्च** | ९,९१,४६ | ३९.४८ | १५,८३,६१ | ४८.९३ | १८,३७,५५ | ४९.४९ |

***स्रोत:*** *महालेखा नियन्त्रकको कार्यालय*

विगत तिन वर्षको तथ्याङ्क विश्लेषण गर्दा तेस्रो चौमासिकमा औसतमा ७३.६० प्रतिशत र आषाढ महिनामा औसतमा ४५.९६ प्रतिशत खर्च भएको छ । निर्माण कार्यको गुणस्तर कायम हुने गरी खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३. **जिल्लास्तरीय सडक –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २२ मा बिकास आयोजनाको बजेट तर्जूमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राबिधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तता लगायतका आधारमा छनौट गर्नुपर्ने एवं यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि बिस्तृत सर्वेक्षण, ड्रइङ, डिजाइन, लागत अनुमान र सो अनुसारको वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले उल्लिखित प्रक्रिया पूरा नगरी दुई बजेट उपशीर्षकमा २ हजार ८ जिल्लास्तरीय सडक निर्माणको लागि यो वर्ष रु.१ अर्ब १० करोड ९५ लाख बजेट विनियोजन गरेको छ । नियमको व्यवस्था पालना गर्नुपर्दछ ।

४. **फास्ट ट्रयाक -** आर्थिक वर्ष २०७१।७२ को बजेट वक्तव्यको बुँदा नं ११० मा काठमार्डौ तराई मधेश फाष्ट ट्र्याक आयोजना निर्माणमा स्वदेशी वा विदेशी लगानीकर्ताले निर्माण तथा सञ्चालन लगानी गर्न चाहेमा न्यूनतम सवारीसाधन संख्याको सुनिश्चितता दिने उल्लेख गरी एक विदेशी कम्पनीसमेत छनौट गरेको थियो । आर्थिक वर्ष २०७३।७४ को बजेट वक्तव्यको बुँदा नं. ५५ मा निर्माण कार्य आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिने र यसको अंगको रुपमा बुधुने-हेटौंडा द्रुतमार्ग निर्माण गर्ने प्रयोजनका लागि रु.१० अर्ब बजेट विनियोजन गरेको देखिन्छ । मुआव्जा वितरण सम्बन्धी कार्य गरे तापनि जग्गा प्राप्त हुन नसकेको र

स्थानीयवासीको विरोधका कारण एलाइनमेन्ट परिवर्तन गर्नु परेको कारण हालसम्म निर्माण कार्य शुरु हुन सकेको छैन । सडक क्षेत्रको जग्गाको अधिग्रहण, मुआव्जा वितरण एवं सञ्चालनमा २०७२।७३ सम्म रु.२ अर्ब १३ करोड ८ लाख खर्च भएको देखिन्छ ।

५. **अख्तियारी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र वार्षिक कार्यक्रम र अख्तियारी पठाउनुपर्ने उल्लेख छ । विभागले मातहत निकायलाई पुंजीगततर्फ रु.४९ अर्ब ३२ करोड ४२ लाखको अख्तियारी दिएको मध्ये २०७३ आषाढमा रु.१० अर्ब ८६ करोड ६९ लाख अख्तियारी दिएको छ । समयमै अख्तियारी प्रदान गर्नुपर्दछ ।

६. **वार्षिक लक्ष्य तथा प्रगति** - मन्त्रालय र मातहतका कार्यालयको यस वर्षको भौतिक लक्ष्य र प्रगति निम्नानुसार छ:

| विवरण | ईकाइ | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| नयां सडक निर्माण | कि मि. | ९०० | ६३९ | ७१ |
| खण्डास्मित स्तरमा स्तरोन्नति | कि मि. | ४०६ | ३४५ | ८४.९८ |
| कालोपत्रे स्तरमा स्तरोन्नति | कि मि. | ३६५ | २६४ | ७२.३३ |
| आवधिक मर्मत | कि मि. | ८५० | ४४३ | ५२.१ |
| पुल निर्माण | गोटा | १२५ | ६३ | ५०.४० |

७. **आवधिक योजनाको प्रगति** - मन्त्रालयले आवधिक योजनाका लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ । तेह्रौं त्रिवर्षीय योजना (२०७०।७१-२०७२।७३) मा मन्त्रालयको लागि तोकिएको लक्ष्यको प्रगति निम्नानुसार छ:

| विवरण | ईकाइ | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| नयां सडक निर्माण | कि मि. | २७०० | २४६७ | ९१.३७ |
| स्तरोन्नति, पुनर्निर्माण र पुनर्स्थापना | कि मि. | १८३१ | १८९४ | १०० |
| आवधिक मर्मत | कि मि. | २१६७ | १२२२ | ५६.३९ |
| पुल निर्माण | गोटा | ३५५ | २०८ | ५९.० |
| जिल्ला सदरमुकाम जोड्ने | संख्या | २ | ० | ० |

लक्ष्यअनुसार प्रगति नहुनुमा रेखाङ्कन, जग्गा अधिग्रहण, मुआव्जा वितरण, निर्माणस्थलमा विवाद, सरोकारवाला निकायसँगको समन्वयको अभाव, प्राथमिकता बाहेकका योजनाहरु कार्यान्वयन गर्नु परेको, विस्तृत आयोजना प्रतिवेदन तयार नभएको आदि कारण उल्लेख गरेको छ । समस्या समाधान गरी कार्यक्रम कार्यान्वयनमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

८. **वैदेशिक सहायता** - यस वर्ष २१ कार्यक्रम/आयोजनामा रु. १३ अर्ब ९२ करोड वैदेशिक ऋण तथा रु. ६ अर्ब १५ करोड ७० लाख वैदेशिक अनुदान प्राप्त हुने अनुमान भएकोमा क्रमश: रु.६ अर्ब ४४ करोड ७५ लाख र रु.२ अर्ब १५ करोड ६७ लाख प्राप्त भएको छ । काठमाडौं चक्रपथ सुधार योजनाले रु.८० करोड र डिभिजन सडक कार्यालय लहानले रु.२ करोड ६२ लाख २१ हजारको लेखापरीक्षण गराएको छैन ।

## सडक विभाग

९. **कन्टिन्जेन्सी खर्च** - नेपाल सरकारले जारी गरेको आर्थिक संकेत तथा खर्च वर्गीकरणमा बजेट संकेतहरु तोकिएका छन । उक्त संकेतविपरीत सडक विभाग र अन्तर्गतका ६९ कार्यालयलले मष्टरोल ज्याला खर्च रु.२० करोड ६ लाख, इन्धन खर्च रु.६ करोड ८२ लाख , सूचना प्रकाशन खर्च रु.७ करोड ३९ लाख, भ्रमण खर्च रु.५ करोड ३१ लाख, मर्मत खर्च रु.७ करोड ४९ लाख, कार्यालय सामान रु.११ करोड २३ लाख र अन्य खर्च रु.१२ करोड २८ लाख र विभाग पठाएको रकमबाट सवारीसाधन खरिद रु.२६ करोड ६६ लाख ६२ हजारसमेत रु.९७ करोड २५ लाख कन्टिन्जेन्सी खर्च गरेका छन । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित र मितव्ययी तुल्याउन खर्च कार्यविधि स्वीकृत गराउने गरी मन्त्रालयले प्रतिबद्धता जनाएकोमा यस सम्बन्धी कार्यविधि स्वीकृत भएको देखिएन ।

१०. **खरिद सम्झौता एवं खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । विभाग मातहतका ५४ कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको खरिद सम्झौताको विवरण निम्न रहेको छः

(रकम रु. लाखमा)

| खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २९४५ | ३९७६४२ | २६० | २४०४६ | ११३२ | १०३८३६ | १४९५ | २६९५९६ | ४९० | १७४१३६ | १०६४ | २६६०५ |

उपरोक्तानुसार भएका खरिद सम्झौतामध्ये ३६ प्रतिशत सम्झौताको कार्यमात्र यस वर्ष सम्पन्न भएका छन् । खरिद सम्झौता समयमै सम्पन्न गर्नु पर्दछ ।

११. **सडक मर्मत -** गल्छी वेत्रावती ३६ किलोमिटर सडक २०६९ सालमा पुनर्स्थापना भई नियमित रुपमा सवारीसाधन सञ्चालनमा रहेको छ । वेत्रावती मैलुङ्ग स्याप्रुवेसी २८ किलोमिटर सडकमध्ये ७ किलोमिटर सडकको ट्र्याक खोल्ने कार्य भएको छैन । सडक विभागले वेत्रावती मैलुङ्ग स्याप्रुबेसी सडकको बाँकी कार्य निर्माण गर्न प्राथमिकता नदिई कालोपत्रे समेत भई यातायात सञ्चालन भइरहेको गल्छीदेखि मैलुङ्गसम्म ४६ किलोमिटर सडक स्तरोन्नति गर्न एक जेभीसँग रु.३ अर्ब ६३ करोड ९१ लाखको अलग खरिद सम्झौता गरेको छ ।

२०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनले सिन्धुपाल्चोक जिल्लाको तातोपानी नाका अबरुद्ध भएकाले सोको सट्टा रसुवागढी नाकाबाट नेपाल चीनबीचको द्विपक्षीय व्यापार सञ्चालन भएको छ । रसुवागढी नाकाको सडकलाई तत्काल व्यवस्थित बनाउन विकास समितिको निर्देशन भएपनि उक्त सडकको मर्मत सम्भार एवं पुनर्स्थापना कार्य नभएकोले सिंगल लेनको सो सडक व्यवस्थित रुपमा सञ्चालन हुन सकेको छैन । खर्च गर्ने अख्तियारीमा विलम्ब भएकोले अकस्मिक मर्मत कार्य मात्र गरिएको जवाफ कार्यालयले दिएको छ ।

१२. **लागत अनुमान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ । यो वर्ष ४६ निकायले रु.२७ अर्ब ५ करोड ९५ लाखको लागत अनुमान भएका १ हजार ४२६ खरिदको प्रतिस्पर्धा गराएकोमा रु.१८ अर्ब ७२ करोड ८९ लाख (औसतमा ३०.७८ प्रतिशत घटी) मा सम्झौता गरेको छ । कतिपय ठेक्कामा लागत अनुमानको हाराहारीमा सम्झौता हुने र कतिपयमा अत्यन्त न्युन रकममा सम्झौता हुने गरेकोले लागत अनुमान यर्थाथपरक नभएको अवस्था छ । लागत अनुमान यर्थाथपरक हुनुपर्दछ ।

१३. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१ सडक विभागअर्न्तगत दरबन्दीअनुसारका जनशक्तिको पदपूर्ति भएपनि परामर्श सेवा खरिद गरी दुई निकायले यो वर्ष रु २९ करोड ३६ लाख ७० हजार खर्च लेखेको छ । परामर्शदातामाथिको निर्भरता घटाउनु आवश्यक छ ।

१३.२ सार्वजनिक खरिद नियमावली, २०६४ मा परामर्शदाताको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्ने व्यवस्था नभएपनि यो वर्ष चार निकायले रु. २५ करोड ५४ लाख ६१ हजार समावेश गरेका छन् । कानुन विपरीत लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३.३ विभागले विभिन्न पुलको विस्तृत इन्जिनियरिङ्ग सर्वेक्षण कार्यको लागि परामर्शदातासँग गरेको खरिद सम्झौता बमोजिमको कार्य गर्न नसक्ने भएमा सम्झौता रकमको १० प्रतिशत रकम भुक्तानी दिने व्यवस्था सम्झौतामा समावेश गरेको छ । सर्वेक्षण गर्ने क्रममा सो स्थानमा अन्य निकायवाट पुल निर्माण कार्य भइरहेको र कार्य स्थल फेला नपरेको कारण देखाई ३९ परामर्शदातालाई सम्झौता रकमको १० प्रतिशतले हुने रु. १ करोड १८ लाख ९५ हजार भुक्तानी गरेको छ । यसरी सर्वेक्षण गर्ने स्थानको यकीन नगरी परामर्श सेवा लिँदा अतिरिक्त व्ययभार परेकोले यस्तो सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३.४ विभागले पुलहरुको सर्वेक्षण गर्न २०६८।६९ मा सम्झौता गरेका ४० परामर्शदातासँग रु. २६ करोड ५ लाख ८७ हजारको सम्झौता गरेको थियो । सम्झौतामा भेरिएसन आदेश दिन पाउने व्यवस्था गरेको छैन । आर्थिक वर्ष २०६८।६९ को वार्षिक कार्यक्रममा परेका पुलहरुको विस्तृत सर्वेक्षण गर्ने गरी सम्झौता भएका ती परामर्शदाताहरुलाई २०७१।७२ तथा २०७२।७३ को कार्यक्रममा परेका पुलहरुको पनि सर्वेक्षण गर्न भेरिएसन आदेश जारी गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ अनुसार नयाँ खरिद प्रकृया अवलम्बन गर्नु पर्नेमा नगरी २०६८।६९ मा सम्झौता भएका परामर्शदातालाई भेरिएसन आदेशबाट रु. १ करोड ४५ लाख ८३ हजार थप गरी कबोल अंक रु. २७ करोड ५१ लाख ७० हजार कायम गरेको पाइयो । एक आर्थिक वर्षमा सर्वेक्षण गर्ने पुलहरुको लागि परामर्शदाता नियुक्त गरेकोमा सो आर्थिक वर्षका सम्झौताहरु समयमा सम्पन्न नगरी विभिन्न कारण देखाई म्याद थप गर्दै जाने र अर्को आर्थिक वर्षको वार्षिक कार्यक्रममा परेका पुलहरुको सर्वेक्षण गर्न भेरिएसन आदेश दिनु कानुनविपरीत देखिएकोले सुधार गर्नु पर्दछ ।

१४. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ बमोजिम कार्यक्रम संशोधन नगरी डिभिजन सडक कार्यालय दाङ र लहानले कार्यक्रममा उल्लेख नभएका एवं विनियोजन भएको बजेटभन्दा बढी रु.५ करोड ३० लाख ३७ हजार खर्च गरेका छन् । नियम पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१५. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) मा निर्माण व्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको अवधिमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । यस वर्ष २९ कार्यालयले रु. ३७ करोड ७० लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१५.१ डिभिजन सडक कार्यालय, दाङअन्तर्गतको एक सडक निर्माण कार्य रु.७ करोड ३९ लाख ३६ हजारमा २०७१।११।२० सम्म सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएको छ । सो म्यादमा कार्य सम्पन्न नगरेकाले २०७३।९।२८ मा खरिद सम्झौता भंग गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम प्रतिदिन ०.०५ प्रतिशतका दरले हुने रु.६५ लाख ४३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेकोले असुल गर्नुपर्दछ ।

१५.२ डिभिजन सडक कार्यालय, भरतपुरले पुलको मर्मत तथा विस्तार कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ८१ लाख ६७ हजारको लागतमा २०७२।३।१५ सम्ममा कार्य सम्पन्न गर्न सम्झौता गरेकोमा २०७२।८।२७ सम्म पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरे तापनि उक्त कार्य २०७३।३।२५ मा सम्पन्न भएकोमा रु.१६ लाख १७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

१५.३ डिभिजन सडक कार्यालय काठमाडौं १ का एक निर्माण व्यवसायीले सम्झौता अनुसार २०७०।८।२३ मा कार्य सम्पन्न गर्नुपर्नेमा निजकै कारण २०७०।९।२३ मा मात्र निर्माण कार्य सम्पन्न गरेको अवस्थामा ढिलो सम्पन्न गरेको ३१ दिनको नियमानुसार रु.१६ लाख ३३ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

१६. **भेरिएसन आदेश :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याँई सहित भेरिएसन गर्नुपर्ने व्यवस्था छ । भेरिएसन आदेश कबोल अङ्कको ५ प्रतिशतसम्म कार्यालय प्रमुखले, १५ प्रतिशतसम्म विभागीय प्रमुखले र १५ प्रतिशतभन्दा बढीको नेपाल सरकारले जारी गर्न सक्ने व्यवस्था छ । यस वर्ष २४ कार्यालयले रु.२ अर्ब ५७ करोड ८५ लाखको भेरिएसन आदेश दिएको पाइयो । भेरिएसन आदेशका सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१६.१ लुम्बिनी परिक्रमा आयोजनाले बर्दघाट पालडाँडा त्रिवेणी सडकको स्तरोन्नति गर्ने कार्यअन्तर्गत प्रोभिजनल सममा शुरुमा रु. ११ लाख राखेकोमा ४ हजार ६८७ प्रतिशत भेरिएसन गरी रु.५ करोड १५ लाख ५५ हजार पु-याएको छ । प्रोभिजनल सम आइटममा प्रतिस्पर्धा नहुने भएकोले त्यस्तो आइटममा अत्यधिक भेरिएसन आदेश दिएको उचित देखिएन ।

१६.२ पुल आयोजना मध्य सेक्टर नम्बर २ ले मुग्लिङ स्थित त्रिशुली नदीमा पुल निर्माणका एक निर्माण व्यावसायीसँग १२० मिटर लम्बाई पुल निर्माण गर्ने सम्झौता गरेकोमा प्राविधिक प्रतिवेदन अनुसार १६० मिटर बनाउनुपर्ने भई रु.२ करोड २३ लाख ८८ हजार थप लागत लाग्ने भई सोको भेरिएसन आदेश द्धितीय श्रेणीका कार्यालय प्रमुखले जारी गरेको देखियो । थप कार्यको लागि लाग्ने रकम प्रोभिजनल सममा भएको रकमबाट व्यहोर्ने उल्लेख छ । प्रोभिजनल समको रकम खरिद सम्झौताभित्र नपर्ने तथा भेरिएसन रकम खरिद सम्झौताको ३३.३३ प्रतिशत बढी छ ।

१६.३ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पश्चिम खण्डले ३ खरिद सम्झौतामा शुरु कबोल अङ्कको १७.५७ प्रतिशत, १६.५९ प्रतिशत र १६.०४ प्रतिशतले हुने रु. ५ करोड १० लाख ६६ हजारको भेरिएसन आदेश विभागीय प्रमुखबाट स्वीकृत गरेको देखियो । कानुनले तोकेको सीमा नाघी भेरिएसन स्वीकृत गर्न मिल्दैन ।

१६.४ कर्णाली राजमार्गमा सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न नभएका कारण १० खरिद प्याकेजमा जनरल आइटममा समावेश गरी कामको परिमाण निश्चित भएको र लमसममा राखेको आइटममा रु. १ करोड ३१ लाख ३२ हजार भेरिएसन आदेश गरेको देखिन्छ । जनरल तथा लमसम आइटममा भेरियशन आदेश जारी गर्न मिल्दैन ।

१६.५ डिभिजन सडक कार्यालय काठमाडौं १ ले एक सडक निर्माण गर्न सम्झौता गरी एक निर्माण व्यवसायीलाई रु. ५ करोड ३९ लाख ३२ हजार भुक्तानी गरेको छ । सम्झौता अनुसार ३ हजार ८०० मिटर बाटो ७.५ मिटर चौडा तथा ५०० मिटर बाटो ५.५ मिटर चौडा बनाउन ३१ हजार २५० वर्गमिटरको काम गर्नुपर्नेमा निर्माण गर्दा घटी निर्माण भएको ३५ हजार ८२४ वर्ग मिटरको नापजाँच गरी भुक्तानी भएको छ । बाटोको लम्बाइ ३५.३७ प्रतिशत घटेको अवस्थामा २० हजार १९७ वर्गमिटरसम्म निर्माण कार्य हुनुपर्ने देखिन्छ । बाटोको लम्बाइ घटेअनुसार आस्फाल्टको काममा ८०८ घनमिटरको रु.१ करोड ७७ लाख ७३ हजार मात्र भुक्तानी हुनुपर्नेमा १ हजार ४३३ घनमिटरको रु.३ करोड १५ लाख २५ हजार भुक्तानी भएको छ । भुक्तानी अनुसार काम ७७.३७ वृद्धि भएपनि पनि भेरिएसन आदेश दिएको पाइएन । नियम विपरीत भेरिएसन आदेश दिनेलाई जिम्मेवार बनाई यस्तो कार्य बन्द गर्नु पर्दछ ।

१७. **आइटम भेरिएसन -** निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सामान्य शर्तमा बिल अफ क्वान्टिटीमा उल्लिखित कुनै आइटमको परिमाणमा २५ प्रतिशतभन्दा वृद्धि भएमा वा उक्त बढी रकम कुल सम्झौता रकमको २ प्रतिशतभन्दा बढी हुने भएमा भेरिएसन आदेश जारी गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१७.१ डिभिजन सडक कार्यालय काठमाडौं १ ले यो वर्ष भुक्तानी भएका ४ खरिद सम्झौताका विओक्यू आइटममा २५ प्रतिशतभन्दा वढी र कुल ठेक्का रकमको २ देखि १० प्रतिशतभन्दा वढी हुने गरी रु. ३ करोड ११ लाख २२ हजार भुक्तानी गरेकोमा भेरिएसन आदेश जारी गरेको छैन ।

१७.२ कर्णाली राजमार्ग (सुर्खेत जुम्ला सडक) अन्तर्गत ४ ठेक्का प्याकेजमा विभिन्न आइटममा २५ प्रतिशतभन्दा बढी भेरिएसन आएकोमा सम्झौताअनुसार नयाँ दर निर्धारण गरेको पाइएन । उक्त आइटममा निर्माण व्यवसायीले लागत अनुमानभन्दा बढी कबोल गरेको देखिन्छ । नयाँ दर कायम नगर्दा २५ प्रतिशतभन्दा बढीले वृद्धि भएका विभिन्न आइटमका ४ ठेक्कामा शुरुको स्वीकृत लागत अनुमानभन्दा रु.३६ लाख ३३ हजार बढी रकम पर्न गएको देखिन्छ ।

१७.३ पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना पश्चिम खण्ड ले ४ ठेक्काको आइटममा २५ प्रतिशत तथा कुल ठेक्का सम्झौताको १० प्रतिशतभन्दा वृद्धि भएको अवस्थामा तालुक निकायको स्वीकृतीवेगर कार्य गराएको देखियो । सम्झौताको शर्त अनुसार पूर्व स्वीकृति नलिई ६ आइटममा रु.१ करोड १२ लाख २६ हजारको थप कार्य गराएको नियमसम्मत देखिएन । सम्झौताको शर्त पुर्ण रुपमा पालना गर्नुपर्दछ ।

१८. **म्याद थप -** डिभिजन सडक कार्यालय काठमाडौं १ बाट म्याद थप भएका ५५ ठेक्कामा विभागीय प्रमुखले थप गर्नुपर्ने म्याद क्षेत्रीय निर्देशकले थप गरेको देखियो । त्यस्तै ३ ठेक्कामा क्षेत्रीय निर्देशकवाट वोलपत्र स्वीकृत भएकोमा डिभिजन प्रमुखले पहिलो छ महिनाको म्याद थप गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५०(१) अनुसार खरिद सम्झौताको म्याद थप गर्ने अधिकार प्रत्यायोजन गर्न नमिल्नेमा कानुनले नदिएको अधिकार प्रयोग गरी म्याद थप गर्नु उचित होइन ।

१९. **ठेक्का व्यवस्थापन:** सडक सुधार आयोजनाअन्तर्गत दोस्रो चरणमा सञ्चालित आयोजनामा सम्झौताको तुलनामा निर्माण खर्च रु. ८२ करोड ६९ लाख ९७ हजार अर्थात् १६.७४ प्रतिशत भएपनि परामर्श सेवा खर्च रु.१४ करोड ९९ लाख ४३ हजार खर्च भई सम्झौताको तुलनामा ६३.१७ प्रतिशत खर्च भइसकेको देखिन्छ । परामर्श सेवा खर्च र निर्माण खर्च समानुपातिक रुपमा भएको नदेखिएकोले परामर्श खर्च सम्झौता अनुरुप हुँदै जाने र अन्तिम अवस्थामा आउँदा परामर्श सेवा सम्झौताअनुरुप समाप्त हुने र निर्माण कार्य वाँकी भई परामर्श सेवा उपलब्ध नहुने हुँदा आयोजनाले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

सडक सुधार आयोजनाबाट प्याकेज इ र एफ तर्फका ७ सडक योजनामा ३९६ किलोमिटरमा निर्माण सुपरभिजन तथा अन्य कार्य गर्न परामर्शदातासँग सम्झौता भएकोमा २०८ किलोमिटर सडक निर्माणका लागि सम्झौता भएको देखियो । सडक निर्माण कार्य नहुने तर परामर्शदाताले उल्लिखित क्षेत्रमा सडक सुपरभिजन गरेको आधारमा भुक्तानी भएको देखिन्छ । यस्तो अवस्थामा परामर्शदातालाई अनावश्यक फाइदा पुऱ्याएको तर्फ आयोजनाको ध्यान जानुपर्ने देखिन्छ ।

२०. **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानत दाखिला गर्नु पर्ने व्यवस्था छ । पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना (पश्चिम खण्ड) ले भेरिएसन आदेशबाट कबोल थप भएका ६ खरिद सम्झौतामा रु.३६ लाख ५५ हजारको थप कार्य सम्पादन जमानत लिनु पर्नेमा लिएको पाइएन । खरिद नियमावलीबमोजिम कार्य सम्पादन जमानत लिनुपर्दछ ।

पुलयोजना मध्य क्षेत्र सेक्टर नम्बर २ ले यो वर्ष तथा गत वर्ष भेरिएसन आदेश मार्फत थप सम्झौता गरी कार्य गराएको २ ठेक्कामा थप सम्झौताको रु.१४ लाख ३९ हजार कार्य सम्पादन जमानत लिएको पाइएन । थप सम्झौता बमोजिम गराएको थप कार्यको सुरक्षण आवश्यक हुने र उक्त कार्यको पनि त्रुटि सच्याउने अवधि हुने हुँदा थप कार्य सम्पादन जमानत लिनुपर्दछ

२१. **बीमा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा खरिद सम्झौतामा सम्झौता मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा सम्लग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । विभाग मातहतका ४० निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश नगरेको, १०० निर्माण व्यवसायीले घटी अवधिको बीमा गरेको र ठेक्काको म्याद थप गर्दा १६ निर्माण व्यवसायीको बीमाको म्याद थप नगरेको अवस्थामा बीमाबापत रु.५ करोड ६० लाख १५ हजार भुक्तानी दिएको छ । बीमा नगरी भुक्तानी भएको, पूरा अवधिको बीमा नगरेको र सबै पक्षको बीमा नगरेमा सोही अनुपातमा गणना गरी बढी भुक्तानी रकम असुल गर्नुपर्दछ । म्याद समाप्त भएका बीमाको अवधि थप गर्नुपर्दछ ।

२२. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने उल्लेख छ । विभाग मातहतका २९ कार्यालयले रितपूर्वको कर बीजक पेश नगरे पनि ७७ निर्माण व्यवसायीलाई रु.८ करोड १८ लाख ६५ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखियो । उक्त मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला हुनुपर्दछ । सांफेबगर मंगलसेन मार्तडी सडक योजनाले पुल निर्माण गर्न खरिद सम्झौता गरेको एक जेभीलाई रु.२३ लाख ९५ हजार मूल्य अभिवृद्धि करबापत भुक्तानी दिएकोमा निजको स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभागको विद्युतीय सूचना प्रणालीमा खोजी गर्दा सो जे भी मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । दर्ता नभई मूल्य अभिवृद्धि कर लिएको सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐनअनुसार कारबाही हुनुपर्दछ ।

**२३.** **पेश्की जमानत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माणव्यवसायीले खरिद सम्झौताबमोजिम पेश्की फछ्र्यौट नगरेमा जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने र पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुलउपर गर्नुपर्ने व्यवस्था छ । विभाग मातहतका १३ कार्यालयले १११ निर्माण व्यवसायीको रु. ३५ करोड २ लाख ९ हजार पेश्कीको बैङ्क जमानत अवधि समाप्त भइसकेकोमा समेत पेश्की फछ्र्यौट गरेका छैनन् । नियमानुसार उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

कर्णाली लोकमार्गअन्तर्गत सुर्खेत–जुम्ला सडकमा पर्ने दुई पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.४ करोड २ लाख ५५ हजारका दुई खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले एक पुलको काम शुरु नगरेको तथा अर्को पुलको आंशिक कार्य गरी निर्माण स्थल छाडेकोले निर्माण व्यवसायीको पेश्की जमानत रु.५३ लाख ५२ हजार जफत गर्न पत्राचार गर्दा सो निर्माण व्यवसायीको नाममा जमानत जारी नभएको जवाफ सम्बन्धित बैंकबाट प्राप्त भएको छ । उक्त खरिद सम्झौता अन्त्य गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको छ । खरिद सम्झौताको जमानत र बाँकी कार्य गर्न लाग्ने रकम छानबिन गरी असुल हुनुपर्दछ ।

२४. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको

कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। यो वर्ष ३७ कार्यालयले रु.२७ करोड ८२ लाख मूल्य समायोजन भुक्तानी गरेको देखियो। निम्न कार्यालयले मूल्य समायोजन वापत बढी भुक्तानी दिएको छ।

(रकम रु. लाखमा)

| सि.नं. | निकाय | ब्यहोरा | निर्माण व्यवसायी संख्या | रकम |
|---|---|---|---|---|
| १ | पुल आयोजना पश्चिम सेक्टर नं. ३, नेपालगञ्ज | निर्माण व्यवसायीको कारणले तोकिएको म्यादमा कार्य नभएकोमा पनि मूल्य समायोजन | ७ | ३,७२ |
| २ | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना पश्चिम खण्ड | नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित हुने उपभोक्ता मूल्य सूचीको आधारमा मूल्य समायोजन गणना गर्ने व्यवस्था गरेकोमा आयोजनाले उपभोक्ता मूल्यसूचीको अखाद्य पदार्थको सूचीलाई आधार मानेको | १ | २,०७ |
| | | पेश्की कट्टी पछिको विल रकमबाट मूल्य समायोजन गणना नगरेको | १ | १,४२ |
| ३ | आयोजना निर्देशनालय (एडिबि) | निर्माण व्यवसायीले सम्झौताबमोजिम माइलस्टोनको आधारमा प्रगति नगरेको भनी रु.८ करोड ८६ लाख १ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी दिएको | ४ | १,७७ |
| | | मोबिलाइजेशन पेश्की नकटाएको | ४ | ६८ |
| ४ | पुल योजना मध्य सेक्टर नं. २ | एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) मा मूल्य समायोजन भुक्तानी दिएको | ३ | १,१० |
| | | नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित थोक मूल्य सूचीको आधार गणना गर्नुपर्नेमा उपभोक्ता मूल्यसूचीको आधारमा गणना गरेको | १ | २१ |
| | | कार्य सम्पन्न भएको ९ महिना पछिको मूल्य सूचीको आधारमा हिसाव गरेको तथा विमाको मूल्य समायोजन दिएको | ३ | १२ |
| ५ | डिभिजन सडक कार्यालय भरतपुर | २०७१।७२ को दर विश्लेषणअनुसार थप कामको खरिद सम्झौता गरेकोमा २०६७६८ को दरमा गणना | १ | ८५ |
| ६ | काठमाडौं दीगो शहरी यातायात आयोजना | पेश्की नकटाई भुक्तानी गरेको | १ | ५५ |
| | | नदीको बालुवाको सट्टा खानीको प्रयोग गरी स्रोत फरक पारेको, ठूलो साइजको गिट्टी प्रयोग गरेको | १ | १४ |
| ७ | डिभिजन सडक कार्यालय दमौली | फरक सूत्र प्रयोग गरेको | ९ | ६१ |
| ८ | हुलाकी राजमार्ग योजना इटहरी | १४ औं रनिङ्ग बिलको रकम १५ औ बिलमा कम जिम्मेवारी सारेकोले बढी भुक्तानी भएको | १ | २८ |
| ९ | व्यापारिक मार्ग विस्तार आयोजना | समायोजन दिने प्रावधान सम्झौतामा नभएको तथा फरक सूचकाँक प्रयोग गरेको, पेश्की नघटाएको | २ | २५ |
| १० | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | भेरिएसनबाट नयां दर कायम गरिएका आइटमहरुको मूल्यमा समेत मूल्य वृद्धि भुक्तानी दिएको | १ | २२ |
| ११ | डिभिजन सडक कार्यालय बुटवल | पेश्की नघटाएको, नेपाल राष्ट्र बैङ्कको सूचकाङ्कलाई आधार नमानेको, भेरिएसनबाट थप भएको नयाँ आइटममा पुरानो सूचकाङ्कको आधारमा समायोजन दिएको | ४ | १९ |
| | | जम्मा | ४४ | १४,१८ |

उपर्युक्तानुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२५ **आयोजना स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा आयोजना स्वीकृत गर्ने गराउने व्यवस्था छ । धरान–चतरा–गाईघाट–कटारी–सिन्धुली–हेटौंडा सडक योजनाको परामर्शदाताले धरानदेखि हैटौंडासम्मको ३०० किमी सडकको निर्माण गर्न रु.८ अर्ब ७० करोड २५ लाख ७६ हजार लाग्ने गरी आयोजना प्रतिवेदन पेश गरेकोमा कार्यालयले पूर्वी खण्डका लागि रु.९ अर्ब ६ करोड ६० लाख ६५ हजार र पश्चिम खण्डका लागि रु.८ अर्ब ७४ करोड ३० लाख ८७ हजारसमेत रु.१७ अर्ब ८० करोड ९१ लाख ५२ हजार लागत अनुमान स्वीकृत गरेको पाइयो । परामर्शदाताले पेश गरेको लागत अनुमान वृद्धि हुनाको कारण स्पष्ट छैन ।

२६. **निर्माणस्थलबेगर सम्झौता –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । त्यस्तै नियम ४३ (ङ) मा निर्माण कार्यबाट वातावरणमा प्रभाव पार्ने भए त्यस्तो प्रभावको विवरण र त्यस्तो प्रभाव कम गर्न आवश्यक मापदण्ड समेत अपनाउनु पर्ने व्यवस्था छ । निर्माण स्थलको व्यवस्था नगरी निर्माण कार्य गरेका केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

२६.१ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना पूर्वी खण्ड**ले** कोशी कोरिडोरअन्तर्गत घुर्मी चतरा, कावेली चतरा र लेगुवाघाट चतरा सडक खण्ड निर्माण स्थलको २०६८।६९ मा वातावरणीय प्रभाव मूल्याङ्कन नगरी रु.१२ करोड ८८ लाख १५ हजारका १६ खरिद सम्झौता गरेकोले ३ खरिद सम्झौतामा रु.६६ लाख ८१ हजार कार्य सम्पन्न भएपछि निर्माण कार्य रोकिएको र पेश्की बैंक जमानतको म्याद समेत समाप्त भएको पाइयो । आयोजनाले यो वर्ष वातावरणीय प्रभाव मूल्याङ्कन भैसकेको र निर्माण व्यवसायीलाई निर्माण कार्य शुरु गर्न पत्राचार गरेको व्यहोरा जनाएको छ ।

२६.२ काठमाडौं उपत्यका सडक विस्तार आयोजनाबाट खरिद सम्झौता भएका विभिन्न प्याकेजमा सडक अधीनस्थ क्षेत्र, सडकको चौडाइ, रेखांकन आदि पक्ष यकिन नगरी खरिद सम्झौता गरेकोले विवाद तथा अवरोध सिर्जना भई जोरपाटी साँखु सडक खण्डका ४ खरिद सम्झौतामध्ये १ सम्झौतामा सम्झौता भएको १५ महिना व्यतीत भए तापनि निर्माण कार्य शुरु भएको देखिएन । सडक सुधार/विस्तारको लागि मौजुदा सडकहरु कटिङ्ग तथा ग्रेडिङ्ग गरी छाडिने र लामो समयसम्म कालोपत्रे नगरिँदा सडकबाट उत्पन्न हुने धुलोबाट वायुमण्डल प्रदूषित भई जनस्वास्थ्यमा समेत प्रतिकूल असर पर्न गएको छ ।

२७. **पुलको उपयोग –** निर्माण सम्पन्न भएको पुल प्रयोगमा आउनुपर्नेमा पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पूर्वी खण्डअन्तर्गत खुर्कोट-घुर्मी सडक साखर खोलामा रु.१ करोड ६५ लाख ५७ हजारको लागतमा निर्माण भएको पुलको अलाइनमेन्टमा पर्ने जग्गा अधिग्रहण हुन नसकेको कारण प्रयोगमा आउन सकेको पाइएन । यथाशीघ्र पुल प्रयोगमा आउने व्यहोरा कार्यालयले जनाए तापनि जग्गा अधिग्रहण गरेको छैन ।

२८. **मुआव्जा वितरण –** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ७ मा कसैको हकभोगमा रहेको जग्गा अधिग्रहण गर्दा सो जग्गामा रहेका बाली, रुख आदि नोक्सानी भएमा प्रारम्भिक कारबाही चलाउने अधिकारीले क्षतिपूर्ति निर्धारण गरी सरोकारवाला व्यक्तिलाई दिनु पर्ने व्यवस्था छ । आयोजना निर्देशनालय (एडिबि) ले सञ्चालन गरेको नदाहा–कोशीपुल–चतरा–रुपनगर सडक खण्डमा सुनसरी, उदयपुर तथा सप्तरी जिल्लामा ५२० जनालाई आँप, नरिवल, लिची, कटहरलगायतका १ हजार ७९४ फलफूलका बिरुवाको क्षतिपूर्ति रु.२ करोड २ लाख १५ हजार बितरण गरेको छ । सम्बन्धित जिल्लाको कृषि बिकास कार्यालयले मूल्यांकन गरी पठाएको दरलाई आधार लिई मुआव्जा निर्धारण समितिले दररेट स्वीकृत गरेको छ । यो वर्ष ३ जिल्लाको दररेट परीक्षण गर्दा एकै प्रकारको फलफूलको बिरुवाको मूल्य देहायअनुसार फरक फरक देखिएको छ ।

| बिवरण | सुनसरीको दर (रु.) | उदयपुरको दर (रु.) | सप्तरीको दर (रु.) |
|---|---|---|---|
| आँप | ४००० | १०००० - २३६२५ | १०००० - २०००० |
| लिची | ३००० - ५००० | १८००० | १०००० - २५००० |
| सुपारी | २००० | ९००० | ७००० |
| नरिवल | ३००० | १८००० | ७००० |
| कटहर | ५००० | १०००० | १०००० |

२९. **धरौटी फिर्ता -** निर्माण व्यवासायीसँग भएको खरिद सम्झौतामा धरौटी रकम फिर्ता दिँदा मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस वर्ष १० कार्यालयले २१२ निर्माण व्यबसायीलाई धरौटीबापत कट्टी गरेको रु.९ करोड १६ लाख ९ हजार आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर तिरेको वा समायोजन गरेको प्रमाणबेगर फिर्ता दिएको छ । उक्त रकम समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

३०. **दोहोरो सम्झौता -** धरान–चतरा–गाईघाट–कटारी–सिन्धुली–हेटौंडा सडक योजनाले रु. १ अर्ब ७ करोड ५२ लाखको लागत अनुमान स्वीकृत गराई रु.६६ करोड ७८ लाखका खरिद सम्झौता गरी रु.२० करोड ३४ लाख भुक्तानी गरेको र खरिद सम्झौता चालु हालतमा रहेका छन् । योजनाको समन्वय कार्यालयले निर्माण कार्य भइरहेको सोही स्थलमा रु.८ अर्ब ७४ करोड ३१ लाख लागत अनुमान स्वीकृत गराई रु.७ अर्ब १० करोड २५ लाखमा ३६ महिनामा सम्पन्न गर्ने गरी एक जेभीसँग सम्झौता गरेको छ । योजनामा हालसम्म भुक्तानी भएको रु.२० करोड ३४ लाखको यथार्थ अवस्था मूल्याङ्कन नगरी सोही कार्य एकभन्दा बढी निर्माण व्यवसायीले निर्माण गर्ने गरी नयाँ खरिद सम्झौता गरेको पाइयो ।

३१. **समन्वय** – काठमाडौँ उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत बालाजु पुल–शोभा भगवती–डल्लु सडक खण्डको सुधार तथा विस्तारको कार्य रु.६ करोड ३३ लाखको लागतमा सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भई रु.४ करोड २१ लाख भुक्तानी भएको छ । सो कार्य निर्माणाधीन रहेकोमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले सोही कार्यस्थलमा नदी नियन्त्रण तथा ढल विछ्याउने कार्यको ठेक्का व्यवस्था भई निर्माण व्यवसायी परिचालित भएकोले आयोजनाले खरिद कार्य अन्त्य गरेको छ । दुई सरकारी निकायबीचको समन्वयको अभावका कारण ढल निर्माणका लागि पहिले गरिएका काममध्ये रु.७७ लाखको लागतमा निर्माण भएका रिटेनिङ्ग तथा डिमार्केशन वालको कार्य भत्काई पुनः निर्माण गर्नुपर्ने अवस्था सिर्जना भएकोले सोमा गरेको लगानी खेर गएको छ ।

डिभिजन सडक कार्यालय धनुषाअन्तर्गत वालुवा खोलामा रु. ४ करोड ८४ लाख १८ हजारमा पुल निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्न एक जेभीसँग खरिद सम्झौता भई रु.४८ लाख पेश्की दिएको देखिन्छ । कार्यालयबाट निर्माण कार्य गर्न सम्झौता भएको सोही स्थानमा जिल्ला प्राविधिक कार्यालय धनुषाले समेत रु. २ करोड ४९ लाखमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण कार्य भइरहेको स्थलगत निरीक्षणको क्रममा देखियो । सडक खण्डको एकै स्थानमा दुई सरकारी निकायबाट आपसमा समन्वय नगरी खरिद सम्झौता गरेको देखिन्छ ।

सार्वजनिक निर्माणको कार्य गर्ने सबै निकायको स्पष्ट कार्य क्षेत्र तोकी समन्वयात्मक ढँगबाट निर्माण कार्य गराउनुपर्दछ ।

३२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न मिल्दैन । विभागले २०६९।९।२४ र २०७३।३।३१ को परिपत्रबाट सोझै खरिद कार्य नगर्ने र सोझै खरिद कार्य गर्ने कार्यालय प्रमुख र लेखा प्रमुखलाई विभागीय कारबाही गर्ने निर्देशन दिएको छ । सो निर्देशन विपरीत डिभिजन सडक कार्यालयहरु मोरङ, चन्द्रनिगाहापुर र लहानले रु. ३ करोड ८८ लाखको सोझै खरिद गरेका छन् ।

३३. **भवन निर्माण -** डिभिजन सडक कार्यालय काठमाडौं १ ले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार नगरी भवन निर्माणको लागि रु.२० लाख प्रोभिजनल सममा राखी एक निर्माण व्यवसायीलाई रु.१९ लाख ९८ हजार भुक्तानी गरेको छ । लागत अनुमान तथा खरिद सम्झौता नगरी प्रोभिजनल सममा राखी भुक्तानी गरेको कानुनसम्मत देखिएन ।

३४. **मोबिलाइजेशन पेश्की -** निर्माण व्यावसायीसँग भएको खरिद सम्झौताको जनरल कण्डिसन अफ कन्ट्र्याक्टमा दोश्रो मोबिलाइजेशनबापतको १० प्रतिशत रकम सम्झौताको न्यूनतम १० प्रतिशत काम सम्पन्न भए पछि भुक्तानी हुने उल्लेख छ । डिभिजन सडक कार्यालय, काठमाडौं नम्बर १ र दाङले १४ निर्माण व्यवसायीलाई दोस्रो मोबिलाइजेसन पेश्की रु.५ करोड ६५ लाख भुक्तानी गर्दा वास्तविक कामको नापजाँच नगरी साइटमा काम शुरु भएको, निर्माण सामाग्री स्टक गरेको जनाई प्राविधिक सिफारिश वेगर

भुक्तानी गरेको छ । सम्झौतामा भएको व्यवस्थालाई पालना नगरी सम्झौता विपरीत पेश्की दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

डिभिजन सडक कार्यालय, दाङले सम्राट सिमेन्ट उद्योग क्वेरी साइटको पहुँचमार्ग निर्माणका एक निर्माण व्यवसायीलाई कार्य शुरु नभएको अवस्थामा दोश्रो मोविलाइजेसन पेश्की वापत रु. १८ लाख भुक्तानी गरेकोमा पेश्की जमानतको म्याद समाप्त भइसकेको छ । निज निर्माण व्यवसायीले उक्त ठेक्का सम्झौता बमोजिम २०७३।९।१४ भित्र सम्पन्न गर्नुपर्ने थियो । निर्माण व्यवसायीले २०७२।८।९ मा लेखेको पत्रमा वनक्षेत्रको वातावरणीय प्रभाव मूल्यांकनको कारणले काम शुरु गर्न नपाएको र हाल सोही ठेक्का दरमा काम गर्न नसक्ने जनाई ठेक्का अन्त्य गरिदिन अनुरोध गरेको देखियो । निर्माण कार्य शुरु नगरेका निर्माण व्यवसायीलाई भुक्तानी दिएको पेश्की असुल गरी जमानतको म्याद गुजार्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

३५. **स्थान परिवर्तन** - ड्रइङ डिजाइनको आधारमा लागत अनुमान स्वीकृत भैसकेपछि वोलपत्र आह्वान भै ठेक्का सम्झौता हुने र ठेक्का सम्झौता भै कार्य शुरु हुँदा निर्माण स्थल परिवर्तन गर्नुपरेमा तोकिएको अधिकारीबाट पूर्व स्वीकृति लिई मात्र गर्न सकिन्छ । डिभिजन सडक कार्यालय काठमाडौं १ ले २ खरिद सम्झौतामा शुरुको ड्रइङ डिजाइनमा उल्लेख भएको निर्माण स्थल परिवर्तन गरी अन्य स्थानमा काम गराई रु ५२ लाख ५२ हजार भुक्तानी दिएको छ । एक खरिद सम्झौतामा महाराजगंजदेखि बनदेवी र सिंहदरबारदेखि रामशाहपथमा काम गर्ने उल्लेख भएकोमा लैनचौरदेखि केशरमहलसम्म र सिंहदरबारदेखि कमलादीसम्म निर्माण कार्य गराएको देखियो भने अर्को एक खरिद सम्झौतामा लालबहादुर मार्गमा निर्माण कार्य गराउन सम्झौता गरेकोमा रोहिणी मार्ग सडक निर्माण गराएको देखियो । निर्माण स्थल परिवर्तन गर्दा पूर्वस्वीकृति लिएको देखिएन ।

**३६. बढी भुक्तानी** - निर्माण कार्यको भुक्तानी वास्तविक नापजाँचका आधारमा गर्नुपर्दछ । वास्तविक नापजाँच बेगर भुक्तानी गरेका केही प्रमुख व्यहोरा देहायअनुसार छन्:

३६.१ डिभिजन सडक कार्यालय, काठमाडौं नम्बर १ र दाङले दुई निर्माण व्यवसायीलाई रनिङ्ग विल अनुसार इँटा, ह्युम पाइप र फलामे डण्डीको रकम भुक्तानी गर्दा नापी किताबमा विस्तृत नाप जाँच नदेखाई रु.३८ लाख भुक्तानी गरेको छ । वास्तविक नापजाँचको आधारमा काम भएको पुष्टि भएपछि मात्र भुक्तानी गर्नुपर्नेमा नापजाँच नै नभएको आइटमको भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६.२ पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना पश्चिम खण्डका दुई खरिद सम्झौतामा वास्तविक कार्य सम्पादन रकम भन्दा रु.१७ लाख बढी भुक्तानी गरेको छ । त्यस्तै सोही आयोजनाले एक खरिद सम्झौतामा भेरिएसन आदेशबाट रु.९ करोड ९४ लाख कबोल अङ्क कायम गरेकोमा रु.१० करोड २० लाख भुक्तानी भई सम्झौता रकमभन्दा रु.७६ लाख बढी भुक्तानी गरेको छ । यो रकम असुल गर्नुपर्दछ ।

३६.३ आयोजना निर्देशनालय (एडीबी) अन्तर्गतको लेगुवा भोजपुर सडक निर्माण कार्यको चौथो बिलमा साधारण माटो खन्ने कार्य २ लाख ६८ हजार र कडा चट्टानको कार्य १४ हजार ८१२ घनमिटर को हुने रु.२ करोड ५० लाखमा सम्झौता अनुसार २८.२० प्रतिशत छुट गरी रु.१ करोड ७९ लाख भुक्तानी गरेको भए पनि नापी किताबअनुसार २ लाख ७७ हजार घनमिटर पूरै साधारण माटो खनेको देखिएको र कडा चट्टान खन्ने कार्य नभएकोले रु.३७ लाख बढी भुक्तानी भएको रकम असुल गरी फरक विल तयार गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

३७. **घटी असुल** - डिभिजन सडक कार्यालय दाङअन्तर्गतको एक सडक निर्माण कार्य एक निर्माण व्यवसायीसँग रु.७ करोड ३९ लाख ३६ हजारमा २०७१।११।२० सम्म निर्माण सम्पन्न गर्न सम्झौता भएकोमा सो म्यादमा कार्य सम्पन्न नगरेकाले २०७३।९।२८ मा सम्झौता भंग गरी रु.१ करोड ९२ लाख असुल गर्ने निर्णय गरेको छ । निर्माण व्यवसायीले काम नगरेका कारण थप काम गराउँदा लागेको लागतको २५ प्रतिशतले हुने रकम असुल गर्ने व्यवस्था निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्राक्टको दफा ६१.१ मा रहेको छ । सम्झौता अन्त्य गरेको अवस्थामा लागत रु.८ करोड ८३ लाखको २५ प्रतिशतले हुने रु.२ करोड २१ लाख असुल गर्नुपर्नेमा रु.१ करोड १४ लाखमात्र असुल गरेकोले घटी असुल गरेको रु.१ करोड ७ लाख असुल गरी सम्झौताको शर्त विपरीत घटी असुल गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३८. **खरिद सम्झौता अन्त्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारको व्यवस्था रहेको छ । पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना पश्चिम

खण्ड अन्तर्गत घोडावण्ड खरवाङ सडक खण्डको निर्माण कार्य रु.१ करोड ४० लाखमा गर्न एक निर्माण व्यावसायीलाई कार्यादेश दिएकोमा समयमा कार्य सम्पन्न नगरेकोले सुविस्ताको आधारमा सम्झौताको अन्त्य गरेको छ । तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद समाप्त भएको ६६२ दिनपछि म्याद थप माग गरे अनुसार थप गरी यस वर्ष रु.९ लाख भुक्तानी दिएको छ । खरिद सम्झौता रु.१ करोड ४० लाखको ३२.७६ प्रतिशतमात्र काम गरेका निर्माण व्यवसायीलाई हालसम्म रु.५२ लाख भुक्तानी गरेको छ । तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट रु.१ लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको, निजले राखेको कार्य सम्पादन जमानत रु.८ लाखसमेत बैङ्कबाट फिर्ता माग नगरेको तथा निजले कार्य सम्पन्न नगरेको रु.९४ लाख बराबरको कार्य नियमानुसार अर्को निर्माण व्यवसायीबाट गराउनुपर्नेमा सो नगरी सुविस्ताको आधारमा ठेक्का तोडेकोले सो कार्यमा संलग्न हुनेलाई जिम्मेवार बनाइनुपर्दछ ।

३९. **फरक लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा देखिएका त्रुटिहरु निम्नानुसार छन्:

३९.१ हुलाकी सडक आयोजनाले सडक तथा पुल निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणका लागि आइटम दरमा नर्म्सअनुसार रकम समावेश गरी सकेकोमा पुन: बिल अफ क्वान्टिटीमा थप रु.९३ लाख ५० हजार प्रोभिजनल सममा राखेको छ । त्यस्तै सिमेण्ट कंक्रिट, इम्बेङ्कमेण्ट, इंटाको गाह्रो र प्लाष्टरको दर विश्लेषण गर्दा आइटम दरमा गुणस्तर परीक्षणको लागि १५ प्रतिशत ओभरहेडसमेत रु.१ करोड ३२ लाख लागत अनुमानमा रकम समाबेश गरी निर्माण व्यवसायीसँग रु.९९ लाखमा सम्झौता गरेको पाइयो ।

३९.२ आयोजना निर्देशनालय (एडीबी) अन्तर्गत सञ्चालित ६ सडक निर्माण सम्झौता गर्दा बिल अफ क्वाण्टिटीमा गुणस्तर परीक्षणको लागि छुट्टै आइटमको व्यवस्था गरेको छ । ती सडक निर्माणमा ६७ हजार घनमिटर ग्याबियन पर्खालको लागत अनुमान तयार गर्दा रु.१५ लाख गुणस्तर परीक्षणको लागि थप रकम व्यवस्था गरेको देखियो । लागत अनुमानमा समावेश गरेको उक्त रकममध्ये खरिद सम्झौतामा घटेको प्रतिशत कटाउंदा रु.१० लाख गुणस्तर परीक्षणको लागि दोहोरो हुने गरी ठेक्का सम्झौता भएको छ ।

३९.३ सडक विभागबाट जारी नर्म्समा अस्फाल्ट कंक्रिटमा प्रयोग हुने गिट्टीको साइज ६ देखि १० एमएम तोकिएको छ । काठमाडौं उपत्यका सडक विस्तार आयोजनामा पेश भएका केही प्रतिवेदन परीक्षण गर्दा सो अनुसारका गिट्टी ५० प्रतिशतमात्र रहेको छ । आयोजनाले फरक साइजको गिट्टी प्रयोग गर्दा ५ खरिद सम्झौतामा रु. ४६ लाख थप लागत लागेको छ ।

३९.४ डिभिजन कार्यालय भक्तपुरले २०७१।७२ मा काभ्रेपलाञ्चोक जिल्लामा निर्माण गरेका सडक योजनाहरुमा भक्तपुर जिल्लाको दररेटलाई आधार लिएको हुंदा १० सडक योजनामा रु.१ करोड १८ लाख थप व्ययभार परेको देखियो । लागत अनुमान नियमसम्मत रुपमा तयार गर्नुपर्दछ ।

४०. **फलामे डण्डी र ढुंगाको नर्म्स:** सडक विभागको नर्म्समा फलामे डण्डीको कार्य गर्दा काट्ने, बाँध्ने, फिक्स गर्ने आदि कार्यको लागि १.१५ टन डण्डी लाग्ने व्यवस्था छ । सडक विभागबाहेक अन्य निकायको नर्म्समा १.०५ टन डण्डी लाग्ने व्यवस्था छ । यस वर्ष ७ निकायको लागत अनुमानको परीक्षण गर्दा निर्माण कार्यमा ४ लाख ५१ हजार के.जी. फलामे डण्डी बढी प्रयोग भई रु.४ करोड ४९ लाख बढी लागत लागेको छ । त्यस्तै सडक विभागको नर्म्समा सिमेन्ट बालुवाको जोडाई भएको ढुङ्गाको गाह्रो लगाउँदा प्रति घनमिटर गाह्रोमा १.१५ घनमिटर अन्य विभागको स्वीकृत नर्म्समा प्रति घनमिटर गाह्रो लगाउँदा १.१० घनमिटर ढुङ्गा लाग्ने व्यवस्था गरेको पाइयो । यो वर्ष ५ निकायको लागत अनुमान परीक्षण गर्दा १० हजार घनमिटर ढुङ्गा बढी प्रयोग भई रु.१ करोड ५६ लाख लागत अनुमान बढेको देखियो । सबै निकायको नर्म्समा एकरुपता कायम गर्नुपर्दछ ।

४१. **फरक चेनेज -** डिभिजन सडक कार्यालय बैतडीले ८ सडक योजनामा लागत अनुमानमा उल्लेख भएभन्दा फरक चेनेजमा निर्माण कार्य तथा भेरिएसन आदेश जारी नगरी रु.५ करोड ७० लाख भुक्तानी गरेको छ । यस्तै डिभिजन सडक कार्यालय चौरजहारीले दुई खरिद सम्झौताअन्तर्गत जालीमा ढुंगा भर्ने र कडा चट्टान

एवं माटो खन्ने कार्यबापत रु.१ करोड ११ लाख भुक्तानी गरेकोमा नापी किताबमा निर्माण स्थल एवं चेनेज खुलाएको पाइएन । निर्माण व्यवसायसीसँग सम्झौता गर्दा निर्माणस्थल वा चेनेज खुलाउनुपर्दछ ।

४२. **सडकको गुणस्तर –** डिभिजन सडक कार्यालय काठमाडौं २ अन्तर्गतको टोखा-गुर्जुभञ्ज्याङ्ग-छहरे सडक अन्तर्गत कालो पत्रे भएको ७ किलोमिटर सडकको ७५ प्रतिशतभन्दा बढी भाग बिग्रिएको छ । ट्राफिक घनत्व कम रहेको, प्राकृतिक प्रकोपको असर नपरेको सडक कालो पत्रे भएको दुई वर्ष पनि नभई बिग्रेकोले उक्त निर्माण कार्य गुणस्तरीय देखिएन । निर्माण कार्य गर्ने गराउनेलाई जिम्मेवार बनाई सडक मर्मत सुधार गर्नुपर्दछ ।

## रेल विभाग

४३. **कार्य प्रगति -** विभागबाट प्राप्त प्रतिवेदन अनुसार सन् २०११।१२ बाट आयोजना शुरु भै सन् २०१८।१९ मा सम्पन्न हुने लक्ष्य छ । सन् २०१० को सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार नेपाल सरकारबाट रु. ६ खर्ब ८९ अर्ब ६७ करोड र वैदेशिक सहायताबाट रु.५० करोड व्यहोरिने उल्लेख छ । हालसम्म ५.९६ प्रतिशत भौतिक प्रगति गरेको छ । यो वर्ष रु.१ अर्ब ५५ करोड ८४ लाख बजेट विनियोजन भएकोमा रु.६५ करोड ८७ लाख खर्च भएको छ । विभागको मुख्य काम सिमरा बर्दिवास रेलमार्गमा १०८ कि. मि. को ट्र्याक वेड बनाउन रु. १० करोड ५० लाख बजेट विनियोजन भएकोमा प्रगति भएको छैन । तोकिएको समयमा कार्य सम्पन्न गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

४४. **निर्माण कार्य शुरु -** विभागले सिमरा बर्दिवास रेलमार्गमा १०८ किलोमिटर ट्र्याक बेड निर्माण गर्न २०७०।७१ मा ९ खरिद सम्झौता गरी रु.५२ करोड ५४ लाख मोबिलाइजेशन पेश्की दिए पनि तोकिएको म्यादभित्र निर्माण कार्य शुरु भएको छैन । कुल ९ खरिद सम्झौता मध्ये २ ले जनरल आइटमको कार्य गरेको, २ ले कुनै पनि काम गरेको छैन । त्यस्तै एक निर्माण व्यवसायीले रु.१ करोड ८४ लाख पेश्की बाँकी रहेको अवस्थामा निर्माण कार्यका लागि निर्माणस्थल उपलब्ध गराउन नसकेको कारणले निर्माण व्यवसायीलाई रु.१९ लाख  क्षतिपूर्ति दिएको छ । वन तथा भू-संरक्षण मन्त्रालयबाट रुख कटान गर्ने सहमति नलिई तथा जग्गाको मुआव्जा वितरण नगरी खरिद सम्झौता गरेकोले निर्माण व्यवसायीले पेश्की रकम सम्बन्धित काममा परिचालन नगरेको तथा निर्माणस्थल समयमा उपलब्ध नगराउँदा क्षतिपूर्ति दिनुपर्ने अवस्था आएको छ । निर्माण कार्य शुरुवात हुन नसकी निर्माण कार्य सम्पन्न गर्ने अवधि एवं लागत बढ्न गएको छ ।

४५. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले बिलको भुक्तानी गर्दा करारका शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । विभागले एक निर्माण व्यवसायीलाई नापी किताबअनुसार ग्याबिन वायरमा ढुङ्गा भरेबापत ९९० घनमिटरको भुक्तानी गर्नुपर्नेमा १ हजार ३५६ घनमिटरको भुक्तानी गरेकोले रु.१६ लाख बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

४६. **डिजाइन -** परामर्शदाताले पेश गरेको प्रतिवेदनमा धनुषा जिल्लाको कालिञ्जोर र फुलजोर पुलको फाउन्डेसन ३० मिटर देखि ३५ मिटर गहिराईसम्म २ मिटरको उचाईमा पाइल मार्फत बनाउने उल्लेख छ । विभागले २ मिटर मोटाइको पाइल नेपालमा उपलब्ध हुन नसक्ने देखाइ पुलको डिजाइन वेल फाउण्डेसनमा गर्ने गरी रु.८५ करोड ४५ लाखको लागत अनुमान स्वीकृत गरेको पाइयो । उक्त पुलको फाउन्डेशन पुनः डिजाइन गर्न पुल निर्माण गर्ने एक निर्माण व्यवसायीलाई रु.२८ लाख भुक्तानी गर्ने गरी बिल अफ क्वान्टिटीमा समावेश गरेको छ । पुलको फाउन्डेशन उपयुक्त नभएको, नेपालमा २ मिटर चौडाईको पाइल नपाउने अवस्था भएपनि परामर्शदाताको प्रतिवेदन स्वीकृत गरेको तथा ३० देखि ३५ मिटर गहिराइको पाइल फाउन्डेशनमा स्टील क्यासिङ आवश्यक पर्ने स्थिति नै उल्लेख नगरेको डिजाइन तथा परामर्शदाताको अन्तिम प्रतिवेदन स्वीकृत गरी अमेरिकी डलर २७ लाख ६७ हजार २४१ र ने.रु.१२ करोड ९ लाख ५१ हजार भुक्तानी गरेको छ । परामर्शदाताको डिजाइन परिमार्जन गर्न रु.२८ लाख खर्च भई नेपाल सरकारलाई थप आर्थिक व्ययभार पारेको देखियो । यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

४७. **गाडी फिर्ता -** विभागको भवन निर्माणको विल अफ क्वान्टिटीमा ३० महिनाको लागि सवारीसाधन निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने र सो अवधिपछि उक्त सवारीसाधन विभागको नाममा नामसारी गर्नुपर्ने व्यवस्था राखी रु.१ करोड १५ लाख भुक्तानी भएको छ । उक्त सवारीसाधन विभागको नाममा नामसारी

भएको छैन । निर्माण व्यवसायीले सम्झौताअनुसार सवारीसाधन उपलब्ध नगराएकोले भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

४८. **मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन -** नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २१ बमोजिम मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने विषयको संक्षिप्त व्यहोरा अन्तर्गत कार्यान्वयन गर्ने निकाय उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न एक भन्दा बढी निकायहरुको संलग्नता हुनुपर्ने अवस्थामा निकायगत जिम्मेवारी मात्र तोकी अन्तर निकायगत समन्वयको व्यवस्था नगरेको हुँदा निर्णय कार्यान्वयनमा कठिनाई हुने गरेको छ । उदाहरणका लागि व्यापार र पारवहन सहजताका निमित्त उत्तर दक्षिण दुवैतर्फको नाकाहरु सञ्चालन तथा सुदृढीकरण गर्न रु.३ अर्ब ६८ करोड लागत अनुमान रहेको गल्छी-त्रिशुली-स्याफ्रुबेसी-रसुवागढी ८२ किलोमिटर सडक स्तरोन्नतिको लागि ३ महिनाभित्र जग्गा प्राप्ति गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने, वन क्षेत्रमा रहेको रुखहरु काट्ने सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयले तत्काल आवश्यक व्यवस्था मिलाउने, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने र अन्य आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारका सम्पूर्ण निकायहरु आवश्यकतानुसार परिचालन गर्ने २०७२।८।१७ मा मन्त्रिपरिषद्बाट निर्णय भएको पाइयो । तर समन्वय संयन्त्र स्थापित नहुँदा कार्यसम्पादनमा ढिलाई भई आयोजना कायान्वयनको पहिलो वर्षमा निमांण सर्वेक्षणलगायत कार्यमा रु.३२ करोड खर्च भई ९ प्रतिशत मात्र भौतिक प्रगती हासिल भएको छ ।

# सूचना प्रविधि लेखापरीक्षण

## यातायात व्यवस्था कार्यालय वाग्मती

यातायात व्यवस्था कार्यालयहरुले सञ्चालनमा ल्याएको सवारी चालक अनुमति पत्र एवं सवारीसाधन दर्ता (EDLVRS) र (VRS) सफ्टवेयरको पर्याप्तता, विश्वसनीयता र पूर्णताको मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

४९. **कार्य अवस्था** - एसियाली विकास बैङ्कको अनुदान सहयोगमा विद्युतीय सवारी चालक अनुमतिपत्र र सवारी दर्ता प्रणाली आपूर्तिका लागि २०७०।६।४ मा यातायात व्यवस्था विभाग र मद्रास सेक्युरिटी प्रिन्टसबीच २०७१।९।१६ सम्म सबै यातायात कार्यालयमा सो सेवा पुर्‍याउन १४ लाख ९९ हजार ७६० अमेरिकी डलरमा सम्झौता भएको थियो । सफ्टवेयरमा तोकिएअनुसार सञ्चालनमा ल्याउनुपर्नेमा नल्याई हालसम्म यातायात व्यवस्था कार्यालय वाग्मतीमा मात्र सवारीचालक अनुमतिपत्रको सेवा प्रदान गरेको देखियो । सम्झौता अनुसार सो अवधिसम्म सवारी चालक अनुमतिपत्र १ लाख ६० हजार स्मार्ट कार्ड आवश्यक पर्ने उल्लेख गरे अनुसार प्राप्त स्मार्टकार्डको मौज्दात ५४ हजार ५ सय वटा रहन गएकोले स्मार्ट कार्ड जस्तो संवेदनशील वस्तुको खपत र मौज्दातको सूक्ष्म विश्लेषण एवम् पूर्वानुमान गरी खरिद योजना बनाई खरिद गर्नुपर्नेमा सो अनुरुप कार्य नगरी पहिलेको सम्झौतामा नै भेरिएसन जारी गरेर कार्डको संख्यामा थप गरेको पाइयो । सम्झौताअनुसार समयमै कार्यसम्पन्न गर्नुपर्ने देखियो ।

५०. **सूचना प्रविधि रणनीति एवं योजना –** कार्यालयले मौजुदा सूचना प्रणालीको उपयोग एवं पूर्वाधार लगानी, स्रोत परिचालन, आदि विषयमा सम्बोधन गरी कार्यालयलाई सुहाउँदो सूचना प्रविधि, सूचना प्रविधि पूर्वाधार, इमेल, इन्टरनेट आदि कुशलतापूर्वक उपयोग गर्ने, सूचना प्रविधि प्रणालीमा पहुँच गर्ने, यन्त्रहरु, उपकरणहरुको प्रयोग, ब्याक अप प्रणाली, तालिम सम्बन्धी नीति, रणनीति एवं योजना तर्जुमा गर्नुपर्नेमा गरेको छैन । कुनै विपत्ति आइपरेर कारोबार सुचारु नहुने अवस्थाबाट बच्न व्यवसाय निरन्तरता योजना तर्जुमा गर्नुपर्नेमा सो नीति तर्जुमा गरेको पाइएन । ती नीति योजना तर्जुमा गरी सूचना प्रविधि संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

५१. **कम्प्युटर टर्मिनल र कार्यक्षेत्रमा पहुँच –** डाटाहरुको सुरक्षा एवं गोपनीयता कायम गर्न कम्प्युटर टर्मिनल र कार्यक्षेत्रमा अनावश्यक पहुँचबाट रोक्न उपयुक्त र पर्याप्त सुरक्षा व्यवस्था मिलाउनुपर्दछ । कार्यालयले अनलाइन टर्मिनल उपकरणहरु, प्रोग्राम र डाटा प्रवेशलाई सीमित गर्ने कार्याविधि निर्धारण नगरेको तथा प्रयोगकर्ताको प्रमाणीकरण र आधिकारिकता जाँच गर्न लगइन परिचय र पासवर्डमा मात्र सीमित रहेको देखियो । कार्यालयमा प्रयोग भइरहेको (VRS) प्रविधिलाई पासवर्डको माध्यमबाटै सजिलै रिमोट एक्सेस गरी

चलाउन सकिने देखियो । अतः रिमोट एक्सेसमा कडाइ गरी आधिकारिक व्यक्तिलाई मात्र सफ्टवेयरमा पहुँच हुने व्यवस्था मिलाई पहुँच नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

५२. **सुरक्षा व्यवस्था** – आगजनीको क्षतिबाट बच्न वा क्षति न्यूनीकरण गर्न कार्यालयमा अग्नी नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्दछ । सर्भर कक्षमा एअर कण्डिसन, अग्नी नियन्त्रण यन्त्र, खतरा सूचक यन्त्रको व्यवस्था नभएकोले सुरक्षा व्यवस्था कमजोर देखियो । सर्भर कक्षमा रहेको उपकरण तथा डाटाको सुरक्षाको लागि वैज्ञानिक तरिकाले ढाँचा निर्माण गरी अग्नीजन्य र अन्य भवितब्यबाट जोगाउन सुरक्षा व्यवस्था मजबुद बनाउनुपर्ने देखिन्छ ।

- **बेरुजू स्थितिः** यो वर्ष मन्त्रालय र मातहत १२० निकायमा रु.१२ अर्ब ७९ करोड २९ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १२ निकायले रु.२ करोड २४ लाख ३८ हजार फछ्र्यौट गरेकोले रु.१२ अर्ब ७७ करोड ४ लाख ९४ हजार बाकी रहेको छ । सोमध्ये रु.९ अर्ब ६९ करोड ५३ लाख १० हजार पेश्की बाकी रहेको छ ।